अत्यन्त जरुरी/महत्वपूर्ण

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
सानोठिमी, भक्तपुर

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र

## राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम गर्न इच्छुक सार्वजनिक विद्यालयहरुलाई परियोजना प्रस्ताव पेश गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना

नेपाल सरकार (मं.प.) बाट स्वीकृत राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६ मा व्यवस्था भए वमोजिम निर्देशक समितिले राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गतका परियोजनाहरु सञ्चालन गर्न इच्छुक सार्वजनिक विद्यालयहरुबाट बढीमा २५ लाख रुपैयाँसम्मको प्रस्ताव आव्हान गर्ने गरी निर्णय गरे अनुरुप परियोजना सञ्चालन गर्न इच्छुक विद्यालयहरुले चालु आर्थिक वर्ष (२०७६/७७) भित्रै सम्पन्न गर्न सकिने, कार्यक्रममा दोहोरोपना नहुने र शिक्षण सिकाइलाई प्रत्यक्ष सहयोग पुर्‍याउने प्रकृतिका देहायका प्राथमिकताका क्षेत्रहरुबाट तपसिलको प्रक्रिया पूरा गरी प्रस्ताव पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

**प्राथमिकताका क्षेत्रहरु**

- सार्वजनिक माध्यमिक विद्यालयमा विज्ञान प्रयोगशाला स्थापना र सञ्चालन
- प्राविधिक शिक्षा कार्यक्रम सञ्चालन भएका विद्यालयमा प्राविधिक प्रयोगशाला स्थापना र सञ्चालन (यस अघि सहयोग प्राप्त नगरेको भएमा)
- विद्यालयमा इन्टरनेट सुविधाको विस्तार / Smart Board सुविधाको व्यवस्थापन
- सार्वजनिक माध्यमिक विद्यालयमा कम्प्युटर तथा सूचना प्रविधि प्रयोगशाला
- विद्यालयमा पुस्तकालय स्थापना र सञ्चालन (पुस्तकालय नभएका विद्यालयमा मात्र)
- विद्यालयमा प्रयाप्त पानीको सुविधा सहितको शौचालय र छात्राका लागि चेन्जिङ्ग रुम (Changing Room) सहितको छुट्टै शौचालय
- हरित विद्यालय, वातावरणीय सुधार एवं विद्यलय रङ्गरोगन कार्य
- माध्यमिक तहमा गणित विज्ञान र अङ्ग्रेजी विषयका शिक्षक तथा प्राविधिक शिक्षा कार्यक्रम सञ्चालन भएका विद्यालयमा प्रशिक्षकहरूको (अन्य व्यवस्थाद्वारा उपलब्ध नभएको भए) व्यवस्था
- खेलमैदान नभएका विद्यालयहरुमा खेलमैदान निर्माण, भएकाको हकमा मर्मतसम्भार र सुदृढीकरण तथा खेल सामग्रीको व्यवस्थापन
- विगत लामो समयदेखि अधुरा रहेका विद्यालय भवन, कक्षाकोठाको निर्माण सम्पन्न गर्ने कार्य
- आगामी वर्षहरुमा ठूला र आवासीय सुविधा सहितका विद्यालय पूर्वाधार निर्माण गर्नका लागि विस्तृत आयोजना प्रतिवेदन (DPR) तयार गर्ने कार्य ।

**प्रस्ताव पेश गर्ने प्रक्रिया**

१. विद्यालयले तोकिएको ढाँचामा (ढाँचा यस केन्द्रको वेवसाइट www.doe.gov.np उपलब्ध छ) प्रस्ताव तयार गरी सम्बन्धित स्थानीय तहमा मिति २०७६।१२।०७ भित्र पेश गर्नु हुन।

२. स्थानीय तहले कार्यपालिकाको निर्णय सहित विद्यालयबाट प्राप्त प्रस्तावहरुलाई प्राथमिकताक्रम तोकी सिफारिसको स्क्यान प्रति शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा सोझै इमेल (cehrd4perp@gmail.com वा perp.cehrd@gmail.com) मार्फत र सक्कल प्रति यस केन्द्रमा पठाउनका लागि मिति २०७६ चैत्र १० गते भित्र शिक्षा विकास तथा समन्वय इकाइमा पुग्ने व्यवस्था गर्नु हुन ।

३. शिक्षा विकास तथा समन्वय इकाइले आवश्यक सहजीकरण र स्थानीय तहवाट प्राप्त प्रस्ताव संकलन गरी पेश भएको प्रस्ताव सम्बन्धी कार्यक्रम यस अघि उक्त विद्यालयमा परे नपरेको (इकाइको अभिलेख अनुसार) सत्यापन परीक्षण (भेरिफिकेशन) गरी मिति २०७६ चैत्र १५ गते भित्र शिक्षा तथा मानव श्रोत विकास केन्द्रमा आइपुग्ने गरी पठाउनु हुन ।